# SAMPLE QUESTION PAPER-2020
## NEPALI
## CLASS-X
## CODE: 024

*MAX. MARKS-80*
*TIME: 3HRS*

## Section -A (Reading Comprehension)

खण्ड क (पढ़ाइ कौशल बोध)

**1.क. निम्न परिच्छेदलाई राम्ररी पढ़ेर संलग्न प्रश्नहरूका उत्तर लेख्नोस्-**

विद्यार्थीहरूको प्रमुख कर्तव्य विद्या अध्ययन हो। विद्यार्थी जीवन परिश्रम लगन र मेहनतको जीवन हो। विद्या अध्ययनमा विद्यार्थीहरूले पूर्ण मनयोग दिनु आवश्यक छ। उनीहरूमा ज्ञान प्राप्तिको जिज्ञासा र कौतुहलमा सर्वदा जागरूक रहनुपर्छ। विद्यार्थीहरूमा ज्ञान प्राप्तिको भोक हुनु आवश्यक छ।

विद्यार्थी जीवनमा अनुशासनको महत्वपूर्ण स्थान हुनुपर्छ। यसबाहेक विद्यार्थीहरू सत्यवादी, आज्ञाकारी, निर्भीक अनि कर्मठ हुनुपर्छ। विद्यार्थीहरूलाई जीवनमा सुख र सफलता हासिल गर्न सेवा, कर्त्व्यपरायण, आज्ञाकारिता र अनुशासन जस्ता गुण हुनु अति जरूरी छ।

क.विद्यार्थीहरूको प्रमुख कर्तव्य के हो? (2)
ख.विद्या अध्ययनमा विद्यार्थीहरूले के दिनु आवश्यक छ? (2)
ग.विद्यार्थी जीवन कस्तो जीवन हो? (2)
घ.विद्यार्थीहरू कस्तो हुनुपर्छ? (2)
ज.विद्यार्थी जीवनमा अनुशासनको महत्व कति छ? (2)

ClassResult.in

**ख. खुकुरी...... खुकुरी**

...... पेन्सिल कलम भई आऊ!
मृत बलभद्रको कम्मरमा गई तिमी!
'पार्कर' भइ बस जाऊ!
वीर अमरसिंहको दापमा गई प्रिये!
'रोनाल्ड'-को नीब सजाऊ!
शत्रुको रक्त-स्रोत बन्द भो,
विश्वमा शस्त्र-वीरता मन्द भो!
'स्वान' मसीको ब्लू-ब्ल्याक रङ्गको;
घृणित रक्त तिम्रो भोजन भो,
'इम्पेरियल' फौजमा नजाऊ.....!
पेन्सिल कलम भई आऊ!
हिटलरको गर्धन सुकी कागज भो;
जापानी घिच्रो-मूल पेपर भो,
'एटम'-को युगमा वीरता हरायो,
'नामर्द युग'- मा नजाऊ...... बरू
पेन्सिल कलम भई आऊ!

i. उक्त पद्याशंमा कवि खुकुरीलाई के हुने आह्वान गर्दैछन्? **(1)**

1. पेन्सिल कलम
2. एटम बम

3. हतियार
4. शस्त्र बल
ii.. विश्वमा शस्त्र -वीरता मन्द भो! भनेको के हो? (1)
1. हतियारले लड्ने युद्ध शुरु भयो
2. हतियारले लड्ने युद्ध अन्त हुँदै गयो।
3. बलको तुजुकमा लड्ने युद्ध शुरु भयो।
4. ज्ञान-बुद्धिले लड्ने युद्ध अन्त हुँदै गयो।
iii. 'इम्पेरियल' फौजमा नजाऊ भनेको के हो? (1)
iv.अमरसिंह र बलभद्र कस्ता गोर्खा थिए? (1)
v. 'पार्कर' भई बस जाऊ! भनेको के हो? (1)

## Section B (Grammar) Translation)

### खण्ड ख (व्याकरण)

**2.तल सोधिएका सबै प्रश्नहरूका उत्तर लेख्नोस्-**

क.करण कारकको चिन्ह 'ले' हो भने सम्प्रदान कारकको चिन्ह के हो? सम्प्रदान कारक प्रयोग गरेर एउटा वाक्य बनाउनुहोस्- (2)

ख. तलका समासलाई विग्रह गरेर लेख्नुहोस्- (1)
बाघजुँगे , हरसाल

ग. तलका वाक्यलाई शुद्ध गरेर लेख्नुहोस्- (2)
चामेको स्वास्नी साहै मुखाली थिइ।
तिमि असल छ, किनभने मैले भनेको मान्छ।

ClassResult.in

घ.तलका भिनार्थक शब्दको अर्थ लेख्नुहोस्- (2)
गर्व-गर्भ
सर्ग-स्वर्ग

ङ.दुइ-दुइ वटा पर्यायवाची शब्द लेख्नुहोस्- (2)
असल
असुर

च.दुइ-दुइ वटा अनेकार्थक शब्द लेख्नुहोस्- (2)
तार, नर

छ.विपरीतार्थक शब्द लेख्नुहोस्- (1)
आशा, उत्तम

ज.सार शब्द लेख्नुहोस्- (1)
जंगलमा लागेको आगो
रोगीले खाने खाद्य पदार्थ

झ.'देखि' 'देखिन्', बाट, कुन कारकका विभक्ति चिह्नहरू हुन्? (1)

ञ. निर्देश अनुसार तलका वाक्यलाई परिवर्तन गर्नुहोस्- (1)

जब पऱ्यो राती, अनि बुढी ताती। (सरल वाक्य)

बहिनी आएकीले आमा खुशी भइन्। (संयुक्त वाक्य)

## SECTION C (WRITING AND COMPOSITION)

### खण्ड तीन (लेखाइ कौशल)

**प्रश्न3. क. कुनै एक विषयमाथि २५० शब्दसम्मको निबन्ध लेख्नुहोस्।** **(12)**

(१) सर्वशिक्षा अभियान (२) मानव अधिकारको परिचय।

ख. विदेशमा रहेको दाज्यूलाई भाइले घर चाँडै फर्किने अनुरोधसितको एक आत्मीय पत्र लेख्नुहोस् (8)

ग. नेपालीमा अनुवाद गर्नुहोस्। (5)

To live for others, to love other; and only those can rightly do this, so I believe- who is well near to god. It is the divine light, the divine love, the divine gentleness, which makes men true gentleman. If will love him, if he lives in our hearts, we shall love our breathern too. This is the noblest life of a man, though it is not mentioned in books on political economy. But there are things, the use of which is beyond calculation of worldly goods and earthly uses, things such as love and honour and soul of man, which cannot be but with price and which do not die with death. -nd, we who hope to live beyond this world, must not leave these things out of the lessons of our lives.

ClassResult.in

## SECTION D (LITERATURE)

### खण्ड चार (गद्य एवं पद्य साहित्य)

**प्रश्न.4 . . संक्षेपमा उत्तर लेख्नुहोस्।**

क.''हृदयमा किन यस्तो आँधी र बेही चल्दैछ।''

१. उक्त कथाका लेखक को हुन्? (1)

२. यहाँ कसको हृदयमा आँधी र बेही चलेको कुरा हुँदैछ? (1)

ख.'पाउ पुजेर दिएको तिमीलाई हो, आफ्नी स्वास्नी राजी गराऊ लैजाऊ.......।'

१. यहाँ पाउ पुजेर कसले के दिएका छन्? (1)

२. आफ्नी स्वास्नी भनेर कसकी स्वास्नीको कुरा गरिएको छ? (1)

ग.'जाबो बिरालोले गर्दा पो रैछ त। कालेकी आमाले विस्तारै भनी।'

१. जाबो बिरालोले गर्दा के भएछ? (1)

२. यस कथाका कथाकार? (1)

घ. १. अहिलेको जमानामा सोझा भए के हुन्छ? (1)

२. डा. नानोले आफ्नो प्रयोगशालामा के बनाएका थिए? (1)

**प्रश्न 5. क. कविले यात्रीलाई मन्दिर आफूभित्र नै अपार रूपमा निहित छ भनेर कसरी बुझाउनुएको छ?** **(2)**

ख. कविले छोरोलाई के-के नबन्ने सुझाव दिनुहुन्छ? (1)

ग. 'इस पढ्छु तेरो कविता' अनुसार आज मानिसहरूको ध्यान कतातिर छ- (1)

i. कथा कविता पढ्न,

ii सामाजिक काम कुरो गर्न

iii. मनोरञ्जन गर्न

घ. 'तृष्णाको तुच्छ जालो मनबीच नभए जो मिल्यो, सो उज्यालो' भन्नाले के बुझिन्छ? (1)

ङ. 'आकाशका तारा के तारा' कविताका कवि को हुन्? (1)

च. 'शहीदहरूको सम्झनामा' कवि अनुसार के भए मात्र मुलुक बनिन्छ? (1)

छ. कविले छोरोलाई के बन्ने सुझाव दिन्छन्? (1)

i. सुन्दर फूल

ii. कातर

iii. तिख्खर काँडा

**प्रश्न 6. निम्न प्रश्नहरूका छोटा उत्तर लेख्नुहोस्।**

i. टोटलाको फूललाई कोसित तुलना गरिएको छ? (1)

ii.ऐतेलाई सुद पिसाच भनेर सबैले किन निन्दा गर्थे? (1)

iii.'परिबन्द' कथाका दुइ मुख्य पात्रहरू को-को हुन्? (1)

iv.हवल्दार पाठका लेखक को हुन्? (1)

v.प्रायश्चित कथाका कथाकार को हुन्? (1)

**प्रश्न 7. तल दिइएका सबै प्रश्नहरूका अति छोटा उत्तर लेख्नुहोस्।**

i. मनबहादुर मुखियाको पहिलो एकांकी नाटक कुन हो? (1)

ii. तुलसी बहादुर छेत्री आसामको कुन जिल्लामा जन्मिएका थिए? (1)

iii.कुन कृतिमा शिवकुमार राईले साहित्य एकादमी पुरस्कार प्राप्त गरेका थिए? (1)

iv.डा. घनश्याम नेपालको कुनै एक कृतिको नाम लेख्नुहोस्। (1)

ClassResult.in

**शुभकामना सहित।**